**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २६ अप्रेल २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

१. प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने युग्म शिखर सम्मेलनमा भाग लिनु हुनेछ।

२. केन्द्रीय कृषि, किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले देशको जीडीपी उत्पादनको लगभग १८ प्रतिशत कृषि क्षेत्रबाट आउने बताउनु भएको छ।

३. भारत-ब्रिटेन स्वतन्त्र व्यापार सम्झौता अफटीएमा वार्ताको एक भागको रूपमा केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो लन्डनमा ब्रिटेनका व्यापार तथा वाणिज्य मन्त्री जोनाथन रेनोल्ड्ससँग भेट गर्नुभयो।

४. मौसम विभागले आज नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, आसाम, ओडिशा र मेघालयमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

५. आईपीएल क्रिकेटमा राजस्थान रोयल्सले १४ वर्षीय वैभव सूर्यवंशीको शतकीय इनिङको दममा गुजरात टाइटन्सलाई आठ विकेटले पराजित गरेको छ।

**प्रधानमंत्री-युग्म**

प्रधानमन्त्री नरेन्द्र मोदी आज नयाँ दिल्लीको भारत मण्डपममा आयोजना हुने युग्म शिखर सम्मेलनमा भाग लिनु हुनेछ। संस्कृतमा युगमको अर्थ मिलन हो। यो आफ्नो किसिमको पहिलो महत्त्वपूर्ण नीति सम्मेलन हो जसले सरकार, शिक्षा, उद्योग र नवप्रवर्तनका प्रख्यात व्यक्तित्वहरूलाई एकै ठाउँमा ल्याउनेछ। वाधवानी फाउन्डेसन र सरकारी निकायहरूको संयुक्त लगानीमा लगभग एक हजार चार सय करोड़ रुपियाँको सहयोगी परियोजनाद्वारा सञ्चालित यो कार्यक्रमले भारतको नवप्रवर्तन यात्रामा महत्त्वपूर्ण भूमिका खेल्नेछ।

****** ० ******

**छत्तीसगढ - विज्ञान केन्द्र**

गत आइतबार प्रसारित आफ्नो "मन की बात" कार्यक्रममा, प्रधानमन्त्री नरेन्द्र मोदीले छत्तीसगढको नक्सल प्रभावित दन्तेवाडमा स्थापित विज्ञान केन्द्रको बारेमा छलफल गर्नु भयो। यो विज्ञान केन्द्रले यस क्षेत्रमा बस्ने बालबालिकाहरूमा वैज्ञानिक सोच विकास गर्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ।

थप जानकारी हाम्रो संवाददाताबाट : **बाइट**

****** ० ******

**शिवराज - बैठक**

केन्द्रीय कृषि, किसान कल्याण तथा ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले हिजो नयाँ दिल्लीमा भर्चुअल माध्यमबाट देशभरका सबै ७३१ कृषि विज्ञान केन्द्रहरूसँग अन्तरक्रिया गर्नुभयो। बैठकमा श्री चौहानले कृषि क्षेत्रको विकासको लागि अभियानको रूपमा काम गर्नु पर्नेमा जोड दिनु भयो। उहाँले कृषि एक विशाल क्षेत्र भएको र लगभग ४५ प्रतिशत जनसंख्या प्रत्यक्ष रूपमा कृषिसँग सम्बन्धित रहेको र देशको जीडीपी उत्पादनको लगभग १८ प्रतिशत कृषि क्षेत्रबाट आउने बताउनु भयो।

कृषि मन्त्रीले भन्नुभयो, हामीले यसको व्यापक भूमिकालाई अझ सुदृढ पार्न निरन्तर र प्रभावकारी प्रयास गर्नु पर्नेछ। कृषि विज्ञान केन्द्रका प्रमुखहरूलाई सम्बोधन गर्नु हुँदै उहाँले किसानहरूको लागि क्षमता अभिवृद्धि तालिमको महत्त्वमाथि प्रकाश पार्दै राम्रो तालिम र जागरूकतामार्फत हामी किसानहरूलाई आत्मनिर्भर र सशक्त बनाउन सक्ने बताउनु भयो। श्री चौहानले माटो स्वास्थ्य कार्ड र किसान जागरूकतालाई जोडेर काम गर्न नयाँ पहल गर्नेबारे विचारहरू पनि साझा गर्नुभयो। उहाँले किसानहरूलाई माटोको गुणस्तर कायम राख्न सन्तुलित रूपमा मल प्रयोग गर्न सल्लाह दिनु भयो र खेतीपातीको दिशामा थप काम गर्न आग्रह गर्नु भयो। श्री चौहानले नयाँ दिल्लीको कृषि भवनमा कृषि क्षेत्रको प्रगतिको बारेमा साप्ताहिक समीक्षा बैठक पनि आयोजना गर्नुभयो। उहाँले नाफेड र राष्ट्रिय बागवानी बोर्डका अधिकारीहरूसँग पनि बैठक गर्नु भयो। बैठकमा श्री चौहानले वरिष्ठ अधिकारीहरूबाट बाली काट्ने, रोप्ने, खरिद गर्ने, मलको उपलब्धता, मल-बीउ, मौसम र सिँचाइको लागि जलाशय आदिको स्थितिको बारेमा जानकारी सङ्कलन गर्नुभयो। विभिन्न बालीहरूको राम्रो उत्पादन हुने सम्भावनालाई ध्यानमा राख्दै, उहाँले किसानहरूलाई फाइदा पुग्ने र बालीहरूको पूर्ण खरिद सुनिश्चित गर्ने व्यवस्था गर्न अधिकारीहरूलाई निर्देशन दिनुभयो।

****** ० ******

**ब्रिटेन-भारत-एफटीए**

भारत-ब्रिटेन स्वतन्त्र व्यापार सम्झौता अफटीएमा वार्ताको एक भागको रूपमा केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो लन्डनमा ब्रिटेनका व्यापार तथा वाणिज्य मन्त्री जोनाथन रेनोल्ड्ससँग भेट गर्नुभयो। श्री गोयल लगानी वार्ता गर्न र द्विपक्षीय व्यापारलाई सुदृढ पार्न लन्डनको दुई दिने भ्रमणमा हुनुहुन्छ। विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भारत र ब्रिटेनबीच एफटीएमा वार्ता पुनः सुरु भएको र दुवै पक्ष सम्झौतालाई अगाडि बढाउन प्रतिबद्ध रहेको बताउनु भयो। फरवरीको सुरुमा वाणिज्य तथा उद्योग मन्त्रालयले भारत र ब्रिटेनले स्वतन्त्र व्यापार सम्झौताको लागि वार्ता पुनः सुरु गरेको बताएको थियो। उक्त घोषणा त्यसबेला दिल्लीमा उपस्थित केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल र उनका ब्रिटेन समकक्षी जोनाथन रेनोल्ड्सले गरेका थिए। दुवै पक्ष सन्तुलित, पारस्परिक रूपमा लाभदायक र दूरदर्शी सम्झौतातर्फ वार्ता पुनः सुरु गर्न सहमत भएको बताइएको छ। यसअघि अर्थमन्त्री निर्मला सीतारमण ब्रिटेनको भ्रमणमा जानु भएको थियो। दुई देशहरूबीचको स्वतन्त्र व्यापार सम्झौता वार्तासँगै, द्विपक्षीय लगानी सन्धिको लागि समानान्तर छलफल पनि भइरहेको छ।

**आई.आई.पी.-मार्च**

औद्योगिक उत्पादन सूचकांक-आईआईपीले फरवरीमा २.७ प्रतिशतको संशोधित वृद्धि दरको तुलनामा मार्चमा भारतको औद्योगिक उत्पादन वृद्धि दर ३ प्रतिशतमा पुऱ्याएको छ। आईआईपीका तीन प्रमुख घटकहरूमध्ये मार्चमा अघिल्लो महिनाको तुलनामा विद्युत उत्पादन ६.३ प्रतिशत, विनिर्माणमा ३ प्रतिशत र खानी गतिविधि ०.४ प्रतिशतले बढेको छ। मार्च २०२४ को तुलनामा मार्च २०२५ मा प्रयोगमा आधारित वर्गीकरण अनुसार आई.आई.पीको सम्बन्धित वृद्धि दर प्राथमिक वस्तुहरूमा ३.१ प्रतिशत, पूँजीगत वस्तुहरूमा २.४ प्रतिशत, मध्यवर्ती वस्तुहरूमा २.३ प्रतिशत, पूर्वाधार वा निर्माण वस्तुहरूमा ८.८ प्रतिशत, दीर्घकालीन उपभोग्य वस्तुहरूमा ६.६ प्रतिशत र छोटो अवधिको उपभोग्य वस्तुहरूमा ४.७ प्रतिशतले संकुचन थियो। यी तथ्याङ्कहरू तथ्याङ्क तथा कार्यक्रम कार्यान्वयन मन्त्रालयले जारी गरेको हो।

****** ० ******

**अटल नवीकरणीय ऊर्जा भवन**

नयाँ तथा नवीकरणीय ऊर्जा मन्त्रालय- एमएनआरईले आज नयाँ दिल्लीको अटल अक्षय ऊर्जा भवनमा राष्ट्रिय हरित हाइड्रोजन मिशन अन्तर्गत सूक्ष्म, साना तथा मझौला उद्यम- एमएसएमईका लागि अवसरहरू अन्वेषण गर्न कार्यशाला आयोजना गर्नेछ। यस कार्यशालाले दिगो हाइड्रोजन अर्थतन्त्रलाई आकार दिन एमएसएमईको महत्त्वपूर्ण भूमिकाको अन्वेषण गर्नेछ। यस उदीयमान क्षेत्रमा नवप्रवर्तन र वृद्धिलाई अगाडि बढाउन एमएसएमईहरूको भूमिका महत्त्वपूर्ण छ। मुख्य विषयवस्तुहरूमा कम्पोनेन्ट र उपकरणहरूको विकासको लागि प्रविधि सहकार्य, हरित हाइड्रोजन आपूर्ति शृङ्खलामा अवसरहरू, बायोमास मार्गहरू प्रयोग गरेर विकेन्द्रीकृत हाइड्रोजन उत्पादन, र मूल्य शृङ्खलामा लगानी उत्प्रेरित गर्ने रणनीतिहरू समावेश छन्।

****** ० ******

**महाराष्ट्र-वेव्स**

महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले वेव्स -२०२५ सम्मेलनमा आयोजकको भूमिका खेल्नु महाराष्ट्रको लागि गर्वको क्षण भएको बताउनु भएको छ। मुख्यमन्त्रीले १ देखि ४ मईसम्म मुम्बईमा आयोजना हुने वेभ्स सम्मेलनमा भाग लिन मानिसहरूलाई आग्रह गर्नु भएको छ। मुख्यमन्त्रीले भन्नु भयो, वेभ्स भारतको रचनात्मक सीपलाई विश्व मञ्चमा प्रदर्शन गर्न एक महत्त्वपूर्ण प्लेटफर्म हो। यसमार्फत सिर्जनात्मक अर्थतन्त्र र रोजगारी सिर्जनाको महत्त्वलाई जोड दिँदै, श्री फडणवीसले मुम्बईलाई विश्वव्यापी मनोरञ्जन उद्योगको राजधानीको रूपमा स्थापित गर्ने आफ्नो प्रतिबद्धता दोहोऱ्याउनु भएको छ।

**बाइट**

****** ० ******

**नयाँ पोप सम्मेलन**

भ्याटिकनले स्वर्गीय पोप फ्रान्सिसको उत्तराधिकारी छनौट गर्न अर्को महिनाको ७ तारिखमा गोप्य बैठक हुने घोषणा गरेको छ। यो निर्णय कार्डिनलहरूको बैठकमा लिइएको थियो। पोप फ्रान्सिसको गत २१ अप्रेलमा मृत्यु भयो। परम्परा अनुसार, नयाँ पोप चयन गर्न मतदान सिस्टिन चैपलमा हुनेछ। विश्वभर २२५ कार्डिनलहरू छन्, जसमध्ये १३५ जना ८० वर्ष मुनिका छन्, जसले मतदानमा भाग लिन सक्छन्।

****** ० ******

**स्पेन पोर्चुगल - बिजुली आपूर्ति बन्द**

स्पेन र पोर्चुगलमा बिजुली आपूर्ति बिस्तारै पुनर्स्थापित हुँदैछ। विद्युत आपूर्तिमा अवरोधका कारण यी दुवै देशको जनजीवन ठप्प भएको थियो। यसका कारण हवाई र सार्वजनिक यातायात सेवाहरू बन्द भए र अस्पताल सेवाहरू अवरुद्ध भए। विद्युत आपूर्ति संकटलाई ध्यानमा राख्दै, स्पेनको गृह मन्त्रालयले राष्ट्रिय आपतकाल घोषणा गरेको थियो र देशभर तीस हजार पुलिस तैनाथ गरेको थियो। स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले देशको लगभग आधा भागमा बिजुली पुनर्स्थापित भएको पुष्टि गर्नु भयो। पोर्चुगलका प्रधानमन्त्री लुइस मोन्टेनेग्रोले विद्युत संकटको पछाडि साइबर आक्रमणको हात रहेको कुरा अस्वीकार गर्नु भएको छ। पोर्चुगलको बिजुली आपूर्ति संगठनले ग्रिड पूर्ण रूपमा स्थिर हुन एक हप्तासम्म लाग्न सक्ने बताएको छ।
फ्रान्सका केही भागहरूमा पनि विद्युत आपूर्ति अवरुद्ध भएको छ।

****** ० ******

**मौसम**

मौसम विभागले आज नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा, आसाम, ओडिशा र मेघालयमा भारी वर्षा हुने पूर्वानुमान गरेको छ। विभागले आगामी पाँच दिनमा उत्तरपूर्वी भारतमा मेघगर्जन, चट्याङ र तेज हावासहित हल्कादेखि मध्यम वर्षाको पूर्वानुमान गरेको छ। विभागले आज हरियाणा, चण्डीगढ, दिल्ली, पञ्जाब, हिमाचल प्रदेश, पश्चिमी राजस्थान, जम्मू कश्मीर, लद्दाख, गिलगिट, बाल्टिस्तान, मुजफ्फराबादका एकान्त स्थानहरूमा कडा गर्मी हुने सम्भावना रहेको बताएको छ।

****** ० ******

**आईपीएल क्रिकेट**

जयपुरमा हिजो भएको आईपीएल क्रिकेटमा राजस्थान रोयल्सले गुजरात टाइटन्सलाई आठ विकेटले सजिलै पराजित गरेको छ। पहिले ब्याटिङ गर्दै गुजरातले राजस्थानलाई २१० रनको लक्ष्य दिएको थियो, जुन राजस्थानले सोह्रौं ओभरमा २१२ रन बनाएर सजिलै हासिल गर्‍यो। राजस्थानका लागि १४ वर्षीय वैभव सूर्यवंशीले केवल ३८ बलमा उत्कृष्ट शतक लगाए भने यशस्वी जयस्वालले अविजित ७० रन बनाए। वैभव सूर्यवंशी या म्याचको म्यान अफ् द म्याच भए| आज दिल्ली क्यापिटल्सले कोलकाता नाइट राइडर्सको सामना गर्नेछ। यो म्याच दिल्लीमा साँझ ७:३० बजे खेलिनेछ।

****** ० ******

**<u>एसियाली योग च्याम्पियनशिप</u>**

हिजो दिल्लीमा

****** ० ******

**<u>इजरायलको हवाई आक्रमण</u>**

इजरायलले हिजो बेरूतको

****** ० ******